# बेलबारी नगरपालिकाको
## आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यको लागि संचित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८३

**सभाबाट स्वीकृत मितिः २०८३।०३।२९**

**प्रकासन मितिः २०८२।०३।२९**

**प्रस्तावनाः** बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बेलबारी नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बेलबारी नगरपालिकाको विनियोजन ऐन, २०८३" रहनेछ ।

(२) यो ऐन नगर सभाको अधिवेशनबाट स्वीकृत भएपछि मिति २०८३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "नगर सभा" भन्नाले बेलबारी नगरपालिको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले बेलबारी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले बेलबारी नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा" भन्नाले बेलबारी नगरपालिका अन्तर्गतको शाखा, उपशाखा, सेवा केन्द्र तथा अन्य प्रशासनिक इकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले बेलबारी नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त बेलबारी नगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगत शाखा, उपशाखा तथा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,२८,०३,२७,०००/- (अक्षरेपि एक अरब अठ्ठाईस करोड तीन लाख सत्ताईस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय हस्तान्तरणबाट संचित कोषमा प्राप्त हुने अनुदानमा थप वा घट भई यस ऐन बमोजिम कार्यक्रम संशोधन भई बार्षिक बजेट रकम थप घट हुन गएमा सोही बमोजिमको रकम संचितकोषबाट खर्च गर्न बाधा पर्खे छैन ।

४. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त बेलबारी नगर कार्यपालिका, वडा समिति र विषयगत शाखा, उपशाखा वा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिक रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थापन खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

तर, पूँजीगत खर्च शीर्षकबाट चालु खर्च शीर्षकमा रकम सार्न सकिने छैन ।

(४) उपदफा (३) बमोजिम २५ प्रतिशत भन्दा बढी रकम कुनै एक शीर्षकबाट अर्को शीर्षकमा सार्नुपर्ने भएमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएका कुनै खर्च शीर्षकमा एकमुष्ठ समावेश भएको रकम खण्डीकरण गरी विभिन्न कार्यक्रममा खर्च गर्नको लागि नगर कार्यपालिकाको स्वीकृति लिनुपर्ने छ ।

५. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने-** (१) यस ऐनबमोजिम बेलबारी नगरपालिकाको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको योजना तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले कार्यक्रम कार्यविधि स्वीकृत गरी लागु गर्न सक्ने छ ।

**अनुसूची — १**

**दफा ३ को उपदफा (१) सँग सम्बन्धित**

**आ.व.२०८३/०८४ को अनुमानित आय व्यय विवरण**

| क.स | बजेट शीर्षकको विवरण | चालु खर्च रू. | पुँजीगत खर्च रू. | वित्तीय खर्च रू. | जम्मा रू. |
|---|---|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | ६६७७३७०० | ११०६२६३०० | | १७७४००००० |
| २ | संघीय राजश्व बाँडफाँड | १०८०००००० | ३५२४२००० | | १४३२४२००० |
| ३ | विशेष अनुदान | १००००००० | | | १०००००००० |
| ४ | समपूरक अनुदान | ० | ७०००००० | | ७०००००० |
| ५ | सशर्त अनुदान | ३४५१००००० | ६६०००००० | | ३५१७००००० |
| ६ | सडक बोर्ड नेपाल | ० | ५०००००० | | ५०००००० |
| ९ | प्रदेश समानीकरण अनुदान | १०८००००० | ५८०६००० | | १६६०६००० |
| १० | प्रदेश सरकार राजश्व बाँडफाँड | १४२००००० | २१९५७६३ | | १६३९५७६३ |
| ११ | प्रदेश सशर्त अनुदान | ५७४२००० | २८१००००० | | ३३८४२००० |
| १२ | प्रदेश समपुरक अनुदान | ० | ८०००००० | | ८०००००० |
| १५ | आन्तरिक स्रोत | ८३५००००० | ६१९७१२३७ | ५१००००० | १५०५७१२३७ |
| १६ | स्थानीय राजश्व बाँडफाँड | ५९५४९००० | १३७४५१००० | | १९७०००००० |
| १४ | ऋण अनुदान | ० | २५२७०००० | | २५२७०००० |
| १८ | लागत सहभागिता | ० | १०००००००० | | १०००००००० |
| १९ | पिएल जि एस पि | ४००००० | | | ४००००० |
| २० | अन्तर स्थानीय तह साझेदारी | ० | ७००००० | | ७००००० |
| नगर अस्पताल | | १०७२००००० | २०००००००० | | १२७२००००० |
| | **जम्मा** | **८११२६४७००** | **४६३९६२३००** | **५१०००००** | **१२८०३२७०००** |